आज मिति २०७७ साल माघ १९ गते सोमवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उनुपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: करको दायरा र करको दर पुनरावलोकन प्रस्ताव मस्यौदा तयार सम्बन्धमा ।
प्रस्ताव नं.२: कृषि सहजीकरण समिति गठनसम्बन्धमा ।
प्रस्ताव नं.३: नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.४: अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.५: विपद जोखिम व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.६: राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.७: तथ्यांक संकलक छनौट समिति सम्बन्धमा ।
प्रस्ताव नं.८: मानुङ प्रवेश शुल्क एवं पार्किङ शुल्क सम्बन्धमा ।
प्रस्ताव नं.९: लागत साझेदारी कार्यक्रमको प्रतिबद्धता सम्बन्धमा ।
प्रस्ताव नं.१०: ठेक्का स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.११: सवारी साधन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१२: कामकाजमा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१३: घर भाडामा लिने सम्बन्धमा ।
प्रस्ताव नं.१४: अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: नयाँ भाडा दर कायम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: पत्रकार महासंघ तनहुँलाई सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१७: १०८ फिटको व्यासको मूर्ति निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१८: निमित्त प्रधानाध्यापक नियुक्ति सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७७ माघ २७ गते हुने चौतीसौं नगर सभाको तयारीका लागि निम्न विषयहरुमा आवश्यक निर्णय लिई सभामा पेश गर्न स्थानीय राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

(क) स्थानीय राजश्व परामर्श समितिसँग सम्बन्धित विषयहरु:

- इट्टाभट्टाहरुलाई व्यवसायिक वातावरण शुल्क लिने सम्बन्धमा,
- कृषि व्यवसाय सम्बन्धी घर, गोठको नक्सापास दस्तुर सम्बन्धमा,
- शहरी क्षेत्रको घर भाडा कर उठाउन वडा कार्यालयलाई अधिकार दिने सम्बन्धमा,
- निजी जग्गाबाट ढुंगा, गिटी, वालुवा उत्खनन र स्वयं उपयोग बारे र सार्वजनिक जग्गाबाट उत्खनन् गरी साधारण घर पर्खाल निर्माणमा प्रयोग गर्दा लाग्ने कर सम्बन्धमा
- सामुदायिक वनबाट निकासी हुने काठ दाउरा एवं आयलाई वन ऐन अनुसार करको दायरामा ल्याउने सम्बन्धमा,
- मादीनदी ढुंगा, गिटी वालुवाको उत्खनन दर संशोधन सम्बन्धमा,
- नेपाल बाहिरबाट ल्याउने भैसी, रांगा बिक्री वितरण, व्यवसाय कर सम्बन्धमा,
- यातायातका साधनहरुको दर्ता, नवीकरण शुल्क सम्बन्धमा ।

(ख) बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग सम्बन्धित विषयहरु:

- चालु आ.व.२०७७०७८ को श्रावणदेखि पौष मसान्तसम्मको आय तथा खर्चको समिक्षा गरी वडागत र नगरस्तरीय योजनाहरुको संशोधन सम्बन्धमा ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रकिया २०७७ बमोजिम यस नगरपालिकामा धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि वडा नं.५ र ६ का जग्गाहरु समेट्ने गरी एउटा क्लस्टर र वडा नं.७, ९ र १० का जग्गाहरु समेट्ने गरी अर्को क्लस्टर गरी २ वटा क्लस्टर निर्धारण गरी कार्यक्रम

सञ्चालन गर्ने र सोको सहजीकरणको लागि वडाध्यक्ष श्री सतिशचन्द्र न्यौपानेज्यूको संयोजकत्वमा सात सदस्यीय कृषि सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

(क) संयोजक श्री सतिशचन्द्र न्यौपाने
(ख) सदस्य श्री मोहनकुमार श्रेष्ठ, वडाध्यक्ष व्यास ५
(ग) सदस्य श्री सूर्यभक्त भण्डारी, वडाध्यक्ष व्यास ६
(घ) सदस्य श्री सुरेश थापा, वडाध्यक्ष व्यास ९
(ङ) सदस्य श्री तुलसीराम सापकोटा, वडाध्यक्ष व्यास १०
(च) सदस्य श्री सुनसरी गुरुङ, कार्यकारीणी सदस्य
(छ) सदस्य सचिव श्री राजेन्द्र कार्की, बरिष्ठ अधिकृत, व्यास नगरपालिका

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा चौतीसौं नगर सभाको तयारीको लागि सम्पूर्ण विषयगत समिति र शाखा तथा उपशाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ लाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| **हाल भएको** | **संशोधन गरिएको** |
|---|---|
| दफा ४ (ख) (५) संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरू । | दफा ४ (ख) (५) संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पूर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा), दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने, सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरूको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका र मनोसामाजिक समस्या भई औषधि प्रयोग गर्दा पनि निको भई दैनिक कामकाज गर्न सक्ने अवस्था नभएका व्यक्तिहरु । |
| **दफा ४ (ग)** (३) कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने, | **दफा ४ (ग)** (३) कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने, मस्तिष्क पक्षघात भई हात गोडा केही कमजोर भएको तर विना सहायक सामग्री हिडडुल गर्न सक्ने । |
| दफा ४ (ग) (१३) चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु, | दफा ४ (ग) (१३) चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवणदृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्नीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु, एउटा आँखाको दृष्टि पूर्णरुपमा गुमाएका वा एउटा आँखा नभएका । |
| दफा ४ (ग) (१४) अनुवशीय रक्तश्राव ( हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिँडडुलमा कठिनाइ हुने व्यक्तिहरु, | दफा ४ (ग) (१४) अनुवशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या र वाथको कारण जोर्नी बिग्रिएर दैनिक कामकाज गर्न र हिँडडुलमा कठिनाई हुने व्यक्तिहरु, |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विपद् जोखिम न्यूनीकरण ऐन २०७४ को दफा १७ को उपदफा २ (ट) बमोजिम व्यास नगरपालिका आपतकालिन सञ्चालन केन्द्रको (Local Emergancy Operation Center-LEOC) संयोजन गर्ने जिम्मेवारी वातावरण तथा विपद् व्यवस्थापन उपशाखाका इन्जिनियर श्री रविन्द्रलाल मुललाई तोकी जिल्ला आपतकालिन सञ्चालन केन्द्रसँग सम्पर्क एवं समन्वय गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । साथै विज्ञ सहतिको Quick Response Team (QRT) गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनार्थ देहाय बमोजिमका विद्यालयहरुको प्राथमिकता निर्धारण गरी आवश्यक कागजात सहित शिक्षा तथा समन्वय इकाई तनहुँमा पठाउने निर्णय गरियो ।

| सि.नं. | विद्यालयको नाम र ठेगाना | प्रस्तावित कार्यक्रम | लागत |
|---|---|---|---|
| १ | श्री जनजुक्त शाही मा.वि., व्यास ५ | प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच अभिबृद्धि | २५,००,०००। |
| २ | श्री जनजागृति गंगा मा.वि., व्यास १३ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ३ | श्री सत्यवती मा.वि. (नमुना विद्यालय), व्यास २ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ४ | श्री शिव पाञ्चायन मा.वि., व्यास ३ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ५ | श्री सिद्धवेनी आ.वि., व्यास १३ | विद्यार्थीको सिकाई उपलब्धिस्तर अभिबृद्धि गर्न | २५,००,०००। |
| ६ | श्री शिव मा.वि., व्यास १० | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ७ | श्री केशवटार मा.वि., व्यास १४ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ८ | श्री मत्स्यकन्या आ.वि., व्यास १२ | भौतिक पूर्वाधार विकास र पुन संरचना | २५,००,०००। |
| ९ | श्री अमरज्योति मा.वि., व्यास १२ | भौतिक पूर्वाधार विकास र पुन संरचना | २५,००,०००। |
| १० | श्री क्यामिन मा.वि., व्यास ७ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| ११ | श्री सिद्धेश्वरी मा.वि., व्यास १२ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |
| १२ | श्री चण्डिदेवी रा.मा.वि., व्यास १२ | गुणस्तरीय शिक्षाका लागि नवीन प्रविधि, नवप्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५,००,०००। |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोवासीहरुको तथ्याङ्क संकलनको लागि तथ्याङ्क संकलकहरु छनौट गर्न कार्यालयद्वारा हालसम्म गरेको सम्पूर्ण प्रक्रियाहरुको अनुमोदन गर्ने साथै सो कार्यको लागि उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त समितिद्वारा नै छनौट मापदण्ड तयार गरी हाललाई योग्यताक्रमका आधारमा १६ जना तथ्याङ्क संकलक छनौट गरी अन्य योग्य उम्मेदवारहरुलाई वैकल्पिक सूचीमा राख्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

संयोजक -उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मी
सदस्य -कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले
सदस्य सचिव -शाखा अधिकृत श्री मेघनाथ आचार्य

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित मानहुँकोट पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गइरहेको परिप्रेक्ष्यमा विभिन्न सवारी साधनहरुको माध्यमबाट बाह्य तथा आन्तरिक पर्यटकहरु उक्त स्थानमा जाने क्रम दिनानुदिन बढ्दै गएकोले सवारी साधनले वातावरणमा पार्न सक्ने असर र सोको व्यवस्थापनको लागि देहाय बमोजिम पर्यटन सवारी शुल्क र पार्किङ शुल्क लिने निर्णय गरियो ।

(क) वातावरण एवं पर्यटन सवारी शुल्क

- मोटरसाइकल रु.१०।
- जिपकार रु.२०।
- स्थानीय बस रु.२५।
- बस/ट्रक रु.३०

(ख) निजी जग्गामा पार्किङ शुल्क

- मोटरसाइकल रु.१०।
- जिपकार रु.२०।
- स्थानीय बस रु.२५।
- बस/ट्रक रु.३०

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा कारागार कार्यालय तनहुँमा महिला बन्दीगृह व्यवस्थापनका लागि साविकको कार्यालय भवन र सुरक्षा व्यारेकलाई पक्की पर्खालले घेरावार लगाई शौचालय समेत निर्माणका लागि रु.३५,२२,६९७।३८ लागत अनुमान भएको र उक्त निर्माण कार्य गर्न यस नगरपालिकाबाट लागत अनुमानको पाँच प्रतिशत लागत साझेदारी रहने गरी प्रतिबद्धता सहित पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा विभिन्न निर्माण/सेवा खरिद कार्यको लागि प्रकाशित दरभाउपत्र सम्बन्धी सूचना अनुसार कार्यालयमा दर्ता हुन आएका विभिन्न फर्मका दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मका दरभाउपत्रहरु स्वीकृतको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले मूल्यांकन समितिको सिफारिस बमोजिम ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि. नं | योजनाको नाम | ठेक्का नं | फर्मको नाम | कबोल रकम ( मू.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | पराशर मार्ग कालोपत्रे | (ठेक्का नं.२७/vyasmun/ २०७७।०७८) | श्री अकलादेवी कन्स्टट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. शुक्लागण्डकी ३ तनहुँ | रु.१४,२१,०६८।५० |
| २ | तालघरे दुम्सीचौर मार्ग कालोपत्रे | (ठेक्का नं.२८/vyasmun/ २०७७।०७८) | श्री लक्ष्मी निर्माण सेवा व्यास २ दमौली तनहुँ | रु.११,९७,५६८।०० |
| ३ | कृषि उपज संकलन केन्द्र ट्रस भवन निर्माण | (ठेक्का नं.२९/vyasmun/ २०७७।०७८) | श्री अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. शुक्लागण्डकी ३ तनहुँ | रु.१०,७६,३९८.१५ |
| ४ | सेरा रामथुम्की मुक्ति नारायण मोटर मार्ग कालोपत्रे | (ठेक्का नं.३०/vyasmun/ २०७७।०७८) | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ तनहुँ | रु.१०,५२,०९५।०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | बेलटारी सुन्धार मुलपानी मोटर मार्ग कालोपत्रे | (ठेक्का नं.३१/vyasmun/२०७७।०७८) | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ तनहुँ | रु.९,७६,०६२।४० |
| ६ | ठूलोगाउँ टोल मार्ग कालोपत्रे व्यास १ | (ठेक्का नं.३२/vyasmun/२०७७।०७८) | श्री विष्णु निर्माण सेवा व्यास ५ तनहुँ | रु.८,१३,००८।०० |
| ७ | माहिलीडाँडा चर्च मार्ग कालोपत्रे | (ठेक्का नं.३३/vyasmun/२०७७।०७८) | श्री विष्णु निर्माण सेवा व्यास ५ तनहुँ | रु.६,४९,०१८।०० |
| ८ | जन्तिवेले टोल र हाइस्कुल टोल मार्ग कालोपत्रे | (ठेक्का नं.३४/vyasmun/२०७७।०७८) | श्री विष्णु निर्माण सेवा व्यास ५ तनहुँ | रु.६,४४,८३३।०० |
| ९ | सिर्जनशील टोल क्याम्पस मार्ग कालोपत्रे | (ठेक्का नं.३५/vyasmun/२०७७।०७८) | श्री विष्णु निर्माण सेवा व्यास ५ तनहुँ | रु.५,४९,१३३।०० |
| १० | पराशर मार्ग घाँसीकुवा खण्ड स्तरोन्नति | (ठेक्का नं.३६/vyasmun/२०७७।०७८) | श्री खनाल इन्भेस्मेन्ट कन्स्ट्रक्स्न व्यास ४ तनहुँ | रु.५,१३,९७२।०० |
| ११ | घटना दर्ता सम्बन्धी विवरणहरुलाई डिजिटलिकरण गर्ने कार्य (सेवा खरिद) | | श्री ग्लोवल कम्प्युटर सप्लायर्स व्यास ३ दमौली | ४,७७,८७७।०० |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको मिति २०७७।८।२२ गतेको निर्णय बमोजिम यस नगरपालिकालाई आवश्यक रहेको एउटा सवारी साधन (जिप) खरिद गर्ने कार्यका लागि आगामी नगर सभाबाट बजेट व्यवस्थापन गर्ने गरी तत्कालै खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आधारभूत शहरी स्वास्थ्य केन्द्र तर्फ एक जना हेल्थ असिष्टेन्ट पदको दरबन्दी रिक्त रहेको र पदपूर्ति प्रकियामा जाँदा समय लम्बिन गई सेवा प्रभावित हुन जाने हुँदा यस नगरपालिकाद्वारा मिति २०७७/८/३० गते प्रकाशित स्वास्थ्य सेवा तर्फको कर्मचारीहरु पदपूर्तिको नतिजाबाट वैकल्पिक उम्मेदवारका रुपमा सफल भएकी भानु नगरपालिका वडा नं.५ निवासी श्री मिना लौडारीलाई हाल आधारभूत शहरी स्वास्थ्य केन्द्र तर्फका अन्य कर्मचारीले खाइपाई आए सरहको सुविधा उपलब्ध गराउने गरी सेवा करार सम्झौता गरी कार्यालयलाई आवश्यक रहेको स्वास्थ्य केन्द्रमा खटाई कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.७ स्थित अस्थायी प्रहरी चौकीको कार्यालय प्रयोजनका लागि यस नगरपालिकाले भाडामा लिएको घर घरधनीलाई नै आवश्यक रहेको व्यहोरा सहित निवेदन प्राप्त हुन आएको हुँदा सोही वडा निवासी अर्जुन विश्वकर्माको व्यास ७ तोरीखर्क स्थित ५ वटा कोठा भएको घर पानी तथा विद्युत महशुल समेत एकमुष्ट मासिक रू.१५,०००।- (पन्ध्र हजार) उपलब्ध गराउने गरी २०७७ माघ २० गतेदेखि भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोतीद्वारा आफ्नो निजी व्यवसाय सञ्चालनको लागि अनुमति माग भई आएकोले निजलाई कार्यालयको काममा असर नपर्ने गरी कार्यालय समय अतिरिक्त समय मात्र आफ्नो निजी औषधिजन्य व्यवसायमा आवद्ध रहने गरी व्यवसाय सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बहुउद्देश्यीय भवनको विभिन्न पसलकवलको करिव २३०० वर्गफिट बरावरको क्षेत्रफल मुक्तिनाथ विकास बैंकलाई भाडामा दिंदाका बखत पसल कवल नं.१०३ भाडामा लिई व्यवसाय गर्ने श्री सुरेश श्रेष्ठ र पसल कवल नं.१०४ भाडामा लिई व्यवसाय गर्ने श्री दिनेशकुमार मल्लको पशिचम तर्फको सटर समेत बन्द हुने गरी भाडामा दिइएको हुँदा उल्लेखित दुई वटा सटरहरुले प्रयोग गर्दै आएको बाटो बन्द हुन गई निजहरुलाई पर्न गएको व्यवसायिक समस्यालाई मध्यनजर गरी निजहरुले साविकमा तिर्दै आएको भाडादरमा देहाय बमोजिम हुने गरी संशोधित भाडादर कायम गर्ने निर्णय गरियो ।

| क.सं. | पसल कवल नं. | भाडामा लिने व्यक्तिको नाम | साविकको भाडा दर | हाल कायम गरिएको भाडा दर |
|---|---|---|---|---|
| १ | १०२ | सुरेश श्रेष्ठ | ४१,१००। | ३८,०००। |
| २ | १०४ | दिनेशकुमार मल्ल | ४७,७७७।७७ | ४२,५००। |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा पत्रकार महासँघ तनहुँको पहलमा गण्डकी स्तरीय विविध कार्यक्रम सञ्चालनको लागि चालु खर्चको विविध शीर्षकबाट रु.५०,०००। (पचास हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ शिवपाञ्चायन परिशरमा निर्माण प्रस्ताव गरिएको १०८ फिट अग्लो श्रीकृष्ण द्वैपायन व्यासको मूर्ति निर्माणका लागि व्यास क्षेत्र शिवपाञ्चायन विकास कोषबाट अनुरोध भई आए अनुसार यस नगरपालिकाबाट चालु आर्थिक वर्षमा उक्त योजनाको लागि विनियोजित रकम रु.१,५०,००,०००। र उक्त कोषद्वारा संकलन गरिएको अन्य रकम समेत बढिमा रु.५,००,००,०००। (पाँच करोड) बाट जमिनको सतहसम्मको सवस्टक्चर कार्यहरु निर्माण गर्ने गरी बोलपत्र सूचना प्रकाशन गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा सूर्योदय प्रा.वि. व्यास ११ का प्रधानाध्यापक श्री सम्मरबहादुर मास्की सरुवा भई जानु भएको हुँदा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार प्रा.वि.तहमा अध्यापनरत शिक्षक श्री रश्मी थापा मगर भुजेल घर्तीलाई निमित्त प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरियो ।